# स्थानीय राजपत्र

छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

**खण्डः ३) छत्रकोट गाउँपालिका, मितिः २०७६/०१/१६ (संख्याः २**


## भाग–१

### छत्रकोट गाउँपालिका, गुल्मी

**संवत् २०७६ सालको ऐन नं. २**
**ऐनको नाम : छत्रकोट गाउँपालिकाको कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) ऐन, २०७६**

**गाउँ सभाबाट स्वीकृत मितिः २०७६/०१/१३**

**प्रस्तावना :**

छत्रकोट गाउँपलिकाको कृषि व्यवसायको प्रवर्द्धन गर्ने कृषकलाई आर्थिक सहयोगद्वारा प्रोत्साहन गर्ने कर्यक्रमलाई नियमन एंव व्यवस्थित गर्न व्यञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ एंव स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ बमोजिम

छत्रकोट गाँउपालिकाको गाँउ सभाले यो ऐन बनाई जारि गरेको छ ।

**१. नाम विस्तार र प्रारम्भ :**

(१) यो ऐनलाई ***"छत्रकोट गाँउपालिका कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) ऐन, २०७५"*** भनिने छ ।

(२) यो ऐन छत्रकोट गाँउपालिकाको क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन छत्रकोट गाँउ कार्यपालिकाले तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) गाँउ सभा भन्नाले छत्रकोट गाँउपालिका को गाँउसभा लाई सम्झनु पर्छ ।

(ख) गाँउकार्यपालिका भन्नाले छत्रकोट गाँउकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) तोकिए वा तोकिए बमोजिम भन्नाले यो ऐन अर्न्तगत बनेको नियम वा कर्यविधि मा तोकेकोलाई सम्झनु पर्छ ।

३. कृषिलाई नै आफ्नो मुख्य पेशाको रुपमा अंगीकार गर्दै आएका नागरिकता अनुसार कम्तीमा २० वर्ष पुरा गरि ७० वर्ष उमेर ननाघेका निम्न योग्यता पुगेका कृषकलाई प्रोत्साहन स्वरुप गाँउपालिकाबाट कृषक पेन्सन(कृषक प्रोत्साहन भत्ता) दिईनेछ ।

(क) कम्तीमा दुई वर्ष लगातार कृषी पेशा गर्दै आएको ।

(ख) आफ्नो स्रोत र साधनले भ्याय सम्म परम्परामगत खेती प्रणालीमा सामयिक सुधार रुपान्तरण र आधुनीकीकरण

गरि कृषि उत्पादनको परिणाम र गुणस्तरमा वृद्धि गर्दै आएको ।

४. कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) नगर सभाबाट पारित आर्थिक ऐन र वजेटको अधिनमा रहि गाँउ कार्यपालिकाले तोकेको रकम बराबर दिईनेछ ।

५. कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) रकम प्रत्येक छ महिनाको एक पटक दिईनेछ ।

६. कृषक को उमेर ७० वर्ष पुरा भए पछि , वा सो उमेर पुरा नगरी कृषकको मृत्यु भए पछि ,वा बिचमै कृषि पेशा छोडे पछि कृषक पेन्सन रकम दिईने छैन । यदि त्यस्तो अवस्था परेपनि निजको परिवारले त्यही कृषी पेशालाई निरन्तरता दिदै गरेको खण्डमा परिवारका सदस्य मध्य जेष्ठताका आधारमा उक्त उमेर हद भित्र पर्ने कुनै एक व्यक्तिलाई सो कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) दिईनेछ । यो कम यसै गरि निरन्तर चलि रहनेछ ।

७. कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) रकम पाउने कृषक छनौट गर्न देहायको छनौट समिति गठन हुने छ ।

(क) छत्रकोट गाउँपालिकाको कृषी विभाग वा शाखाको प्रमुख वा संयोजक .........अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको वडा अध्यक्षहरु मध्यबाट कम्तीमा एक जना महिला पर्ने गरि ३ जना ............................ ............................... सदस्य

(ग) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत .................. सदस्य सचिव

८. उक्त छनौट समितिले सम्बन्धीत कृषकको तोकिएको ढाँचाको निवेदन, गाउँपालिकाको सम्बन्धित शाखाले तोकेको सम्बन्धित वडाको कृषि क्षेत्रको कर्मचारी र वडा सिमितिको सिफारिस, कृषि शाखाको मूल्याङ्कन र आवश्यकता अनुसार अन्य कुराको आधार समेतबाट छान विन गरि माथी लेखीय अनुसार योग्यता पुगेको ठहराई छनौट गरि सिफारिस गरेका किसानहरुलाई गाउँ कार्यपालिकाको निर्णयबाट किसान पेन्सन (कृषक प्रोत्साहन भत्ता) ग्राहीको हैसियतमा गाउँपालिकाले सुचीकृत गरि दर्ता दर्ता गरी किसान परिचय पत्र दिई किसान पेन्सन (कृषक प्रोत्साहन भत्ता) दिइनेछ ।

९. यो ऐन को उदेश्य पुरा गर्न गाँउ कार्यपालिकाले आवश्यक नियम एवं कार्यविधि बनाउन सक्ने छ ।

प्रमाणिकरण मितिः २०७६/०१/१६

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत